श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषद्वारा संचालन हुने आयोजना तथा कोषको उद्देश्य पूर्तिको लागि गरिने कार्यको लागि करदाताले एक आर्थिक वर्षमा बढीमा रू. १०,००,०००।– (दश लाख) सम्म चन्दा वा सहायता दिएको रकम वापत कोषको रितपूर्वकको भरपाई प्राप्त भएमा त्यस्ता करदाताको आय निर्धारण गर्दा त्यस्तो चन्दा दिएको रकम खर्च वापत पूर्णरूपमा कट्टा गर्न पाउने गरी यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकले स्वीस जुरीचबाट पैठारी गर्ने १००० किलोग्राम चाँदीमा १ प्रतिशत भंसार महसुल लिई बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।